जिल्ला पाठ्यक्रम समन्वय समिति र क्षेत्रीय पाठ्यकम समन्वय समितिका कार्यव्यवस्था निर्देशिका

२०६१

(पहिलो संशोधन २०६८।११।१७)

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© **शिक्षा मन्त्रालय, २०६८**

यस निर्देशिकाको पहिलो संशोधन शिक्षा मन्त्रालयको मिति २०६८।११।१७ को निर्णय (माननीय मन्त्रीस्तर) अनुसार लागू भएको छ ।

प्रथम संस्करण, २०६८

मुद्रक

प्राक्कथन

कक्षा कोठामा पाठ्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनका लागि स्थानीय परिवेश अनुकूल विषयवस्तुको समावेश सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले यो निर्देशिका निर्माण गरिएको हो। केन्द्रीय तहमा विकास गरिने पाठ्यक्रमहरूले स्थानीय परिवेशलाई पूर्णरूपमा समेट्न नसक्ने हुँदा जनजाति, पिछडिएका वर्ग तथा समाजको लैङ्गिक र सांस्कृतिक पक्षलाई समेट्न तथा पाठ्यक्रम विकास प्रक्रियामा प्रयोगकर्ताको पृष्ठपोषण समेट्न सके पाठ्यक्रमसम्बन्धी समस्या न्यूनीकरण गर्न सकिने भएकाले सोही उद्देश्य प्राप्तिमा निर्देशिका केन्द्रित रहेको छ।

बहुभाषिक, बहुसांस्कृतिक र बहुसम्प्रदाययुक्त हाम्रो मुलुकमा स्थानीय परिवेश र भाषिक विविधतालाई समेटी पाठ्यक्रम विकास गर्ने कार्य सहज र सरल छैन। यस परिस्थितिलाई सहजीकरण गरी पाठ्यक्रममा स्थानीय तथा क्षेत्रीय शैक्षिक तथा सामाजिक सांस्कृतिक परिवेश समेट्दै स्थानीय तथा केन्द्रीय संलग्नताबाट पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई गुणात्मक र व्यावहारिक बनाई पाठ्यक्रमको सही र सफल कार्यान्वयन गर्नका लागि पनि यस निर्देशिकाको आवश्यकता महसुस गरिएको हो। यसलाई अझ प्रभावकारी बनाउन आवश्यक विविध पक्ष समेटी यसको पहिलो संशोधन गरिएको छ।

पाठ्यक्रम विकास केन्द्रले विकास गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीले राष्ट्रिय आवश्यकता पूरा गर्न सक्नुपर्छ। यसका लागि पाठ्यक्रमसम्बन्धी शैक्षणिक क्रियाकलापलाई क्रमशः विकेन्द्रित गर्दै लगी सरोकारवालाहरूको सहभागिता बढाएर पाठ्यक्रमलार्य गुणात्मक र व्यावहारिक र समयसापेक्ष बनाउनु आवश्यक छ। पाठ्यक्रममा क्षेत्रीय सन्तुलनका विषयहरू, लैङ्गिक समताका विविध पक्ष तथा जनजाति, दलित, अपाङ्ग, महिला र पिछडिएका वर्गका समस्या समेट्न सके पाठ्यक्रमको उद्देश्य पूर्ति हुन सक्छ। यस पक्षलाई दृष्टिगत गर्दै विश्व परिवेश अनुकूल नयाँ ज्ञान र सीपका विषयवस्तुहरू र स्थानीय आवश्यकता, क्षमता र परिवेश अनुकूलका विविध गविधिलाई समेटी सफल र प्रभावकारी पाठ्यक्रम विकास गर्न स्थायी एवम् सङ्गठित रूपमा जिल्ला/क्षेत्रीय तहबाट पृष्ठपोषण प्राप्त गर्ने माध्यमका रूपमा पनि यसको विकास गरिएको हो।

यस निर्देशिकाले जिल्ला र क्षेत्रीय तहमा पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी क्रियाकलापलाई गतिशील बनाउन तिनमा रहेका कमीकमजोरी औँल्याई निरन्तररूपमा पृष्ठपोषण प्राप्त गर्दै एकापसमा अनुभवहरूको आदानप्रदान गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

२०६८

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषयसूची

क्र.सं.	विषयवस्तु	पृष्ठ सङ्ख्या
१.	परिच्छेद - एक परिचय	१
२.	परिच्छेद - दुई जिल्ला पाठ्यक्रम समन्वय समिति	२
३.	परिच्छेद – तीन क्षेत्रीय पाठ्यक्रम समन्वय समिति	४
४.	परिच्छेद - चार विविध	७
५.	अनुसूचीहरू	
	अनुसूची १	
	अनुसूची २	

परिच्छेद एक
परिचय

१.१ सङ्क्षिप्त नाम र प्रारम्भ

यस निर्देशिकाको नाम "जिल्ला पाठ्यक्रम समन्वय समिति र क्षेत्रीय पाठ्यक्रम समन्वय समिति कार्यव्यवस्था निर्देशिका-२०६१" रहने छ । यो निर्देशिका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शिक्षणसिकाइ सामग्रीको विकास, परिमार्जन र कार्यान्वयन सम्बन्धमा सीमित रहने छ। यो निर्देशिका राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को सिफारिसमा *नेपाल* सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुने छ ।

१.२. परिभाषा

यस निर्देशिकामा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "निर्देशिका" भन्नाले "जिल्ला पाठ्यक्रम समन्वय समिति र क्षेत्रीय पाठ्यक्रम समन्वय समिति कार्यव्यवस्था निर्देशिका (२०६१ सशोधनसहित)" लाई जनाउँछ ।

(ख) "पाठ्यक्रम" भन्नाले विद्यालयस्तरको पाठ्यक्रमलाई जनाउँछ ।

(ग) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले शिक्षा मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रलाई जनाउँछ ।

(घ) "अध्यक्ष" भन्नाले जिल्ला पाठ्यक्रम समन्वय समिति वा क्षेत्रीय पाठ्यक्रम समन्वय समितिको अध्यक्षलाई जनाउँछ ।

(ङ) "सदस्य सचिव" भन्नाले जिल्ला पाठ्यक्रम समन्वय समिति वा क्षेत्रीय पाठ्यक्रम समन्वय समितिको सदस्य सचिवलाई जनाउँछ ।

(च) "सदस्य" भन्नाले जिल्ला पाठ्यक्रम समन्वय समिति वा क्षेत्रीय पाठ्यक्रम समन्वय समितिको सदस्यलाई जनाउँछ ।

१.३ उद्देश्य

यस निर्देशिकाले निम्नानुसारका उद्देश्यहरू राखेको छ :

(क) क्षेत्रीय पाठ्यक्रम समन्वय समिति, जिल्ला पाठ्यक्रम समन्वय समिति र तिनको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्ने

(ख) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयनसम्बन्धी कार्यलाई व्यवस्थित गर्ने

परिच्छेद दुई
जिल्ला पाठ्यक्रम समन्वय समिति

२.१ **जिल्ला पाठ्यक्रम समन्वय समिति**

जिल्ला पाठ्यक्रम समन्वय समितिको गठन देहायबमोजिम हुने छ :

(क) जिल्ला शिक्षा अधिकारी - अध्यक्ष

(ख) जिल्ला विकास समितिको सदस्य (शिक्षा हेर्ने) - सदस्य

(ग) स्थानीय शिक्षाविद् *वा पाठ्यक्रमका विज्ञमध्येबाट मनोनीत* एकजना - सदस्य

(घ) *आदिवासी,* जनजाति, दलित, अपाङ्गता भएकाहरूबाट सम्भव भएसम्म महिलासमेतको प्रतिनिधित्व हुने गरी मनोनीत बढीमा दुईजना - सदस्य

(ङ) सामुदायिक विद्यालय र संस्थागत विद्यालयसँग सम्बन्धित शिक्षकहरूबाट सम्भव भएसम्म एकएकजना पर्ने गरी शिक्षक युनियनबाट मनोनीत दुईजना - सदस्य

(च) शिक्षक - अभिभावक सङ्घहरूमध्येबाट मनोनीत एकजना - सदस्य

(छ) जिल्ला शिक्षा अधिकारीले तोकेको जिल्ला शिक्षा कार्यालयका एकजना अधिकृत - सदस्य-सचिव

माथि उल्लेख भएका मनोनीत हुने सदस्यहरूमध्ये शिक्षक युनियनबाट मनोनीत प्रतिनिधिबाहेक अन्य सदस्य जिल्ला शिक्षा कार्यालयबाट मनोनीत हुने छन् । उक्त समितिमा मनोनीत पदाधिकारीहरूको पदावधि सामान्यतया दुई वर्षको हुने छ । उक्त समितिको बैठकमा आवश्यकतानुसार शिक्षा क्षेत्रमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने समाजसेवी, शिक्षाविद् उद्योगपति तथा गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिसमेतबाट बढीमा तीनजना आमन्त्रण गर्न सकिने छ । *मातृभाषासम्बन्धी काम गर्दा बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ को बुँदा नं. १२.३ अनुसार हुने छ ।*

२.२ **जिल्ला पाठ्यक्रम समन्वय समितिको कार्यविधि**

जिल्ला पाठ्यक्रम समन्वय समितिको कार्यविधि आफैँले निर्धारण गरेबमोजिम हुने छ। *यस समितिले आवश्यकताअनुसारका प्राविधिक समिति गठन गरी कार्य सहजीकरण गर्न सक्ने छ :*

२.३ **जिल्ला पाठ्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार** जिल्ला पाठ्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाबमोजिम हुने छ :

(क) जिल्लास्तरमा विषय शिक्षकहरूको भेला गराई विद्यालय तहको पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएका कमीकमजोरीका सम्बन्धमा विषयगत सुझाव सङ्कलन गर्ने

(ख) विद्यालय निरीक्षकहरू र स्रोतव्यक्तिहरूबाट पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी सुझाव सङ्कलन गर्ने

(ग) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी अन्य सरोकारवालाहरूबाट सुझाव सङ्कलन गर्ने

(घ) आवश्यकतानुसार विषय शिक्षक र विषय विशेषज्ञहरूसमेतको सहयोग लिएर सङ्कलित सूचनाहरू विश्लेषण गरी समस्या समाधानका उपायहरू पहिचान गर्ने

(ङ) स्थानीय तहमा समाधान हुन नसक्ने देखिएका समस्याहरूका सम्बन्धमा सुझावसहित क्षेत्रीय पाठ्यक्रम समन्वय समिति र पाठ्यक्रम विकास केन्द्रमा लेखी पठाउने

(च) पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू समयमै विद्यालयहरूमा पुगे नपुगेको अनुगमन गर्ने

(छ) स्थानीय तहमा निर्माण गरिने स्थानीय पाठ्यक्रमका सम्भावित विषयक्षेत्रहरूको खोजी गर्ने र स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा आवश्यक समन्वय र सहयोग पुऱ्याउने

(ज) पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी अध्ययनअनुसन्धान गर्न आवश्यक भएका क्षेत्रहरूको पहिचान गर्ने र जिल्ला शिक्षा योजनामा समावेश गर्ने

(झ) संस्थागत विद्यालयहरूमा पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको प्रयोगसम्बन्धी अनुगमन तथा मूल्याङ्कन गर्ने

(ञ) पाठ्यक्रम विकास केन्द्र, क्षेत्रीय पाठ्यक्रम समन्वय समितिको निर्देशन सल्लाह र सम्मतिमा आवश्यकतानुसार अन्य कार्यहरू गर्ने

(ट) पाठ्यक्रम पाठ्यपुस्तकसम्बन्धी वर्षभरि भएका क्रियाकलापहरूको प्रगति प्रतिवेदन अनुसूची १ बमोजिम तयार गरी क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउने

(ठ) निर्धारित पाठ्यक्रमअनुरूप पाठ्यसामग्री तथा मूल्याङ्कन प्रणाली प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गरी जिल्ला शिक्षा कार्यालयमा रायसुझाव पेस गर्ने

(ड) *स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ अनुसार तयार भएका स्थानीय पाठ्यक्रम तथा बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ अनुसार तयार भएका मातृभाषाका पाठ्यक्रमलाई स्वीकृति दिने*

(ढ) *स्थानीय पाठ्यक्रमअनुसार तयार पारिएका पाठ्यसामग्री र मातृभाषाका पाठ्यसामग्रीको नियमानुसार मूल्याङ्कन गराई कार्यान्वयनका लागि स्वीकृति दिने*

(ण) मातृभाषासम्बन्धी थप कार्य बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६अनुसार र स्थानीय पाठ्यक्रमसम्बन्धी थप कार्य स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका अनुसार हुने छ ।

परिच्छेद तीन
क्षेत्रीय पाठ्यक्रम समन्वय समिति

३.१ क्षेत्रीय पाठ्यक्रम समन्वय समिति

क्षेत्रीय पाठ्यक्रम समन्वय समितिको गठन प्रक्रिया देहायबमोजिम हुने छ :

(क) क्षेत्रीय शिक्षा निर्देशक - अध्यक्ष

(ख) क्षेत्रीय शिक्षा निर्देशकबाट *विद्यालय तहका मुख्य विषय पर्ने गरी मनोनीत गरिएका* सातजना विषय शिक्षक - सदस्य

(ग) क्षेत्रीय शिक्षा निर्देशकले क्षेत्रीय शिक्षा निर्देशनालयका अधिकृतमध्ये बाट मनोनीत एकजना अधिकृत - सदस्यसचिव

यस समितिमा मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुने छ । समितिको बैठकमा शिक्षाविद्, प्राध्यापक, शिक्षक, संस्थागत विद्यालयको शिक्षक वा

प्रिन्सिपल, अभिभावक, दलित, जनजाति, महिला, अपाङ्गता भएका, उद्योगपति, गैर सरकारी संस्थाका प्रतिनिधिमध्येबाट आवश्यकतानुसार कम्तीमा एकजना महिलासहित पाँचजनालाई आमन्त्रण गर्न सकिने छ ।

३.२ **क्षेत्रीय पाठ्यक्रम समन्वय समितिको कार्यविधि**

क्षेत्रीय पाठ्यक्रम समन्वय समितिको कार्यविधि समितिले आफैँ तय गर्ने छ ।

३.३ **क्षेत्रीय पाठ्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार**

क्षेत्रीय पाठ्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) क्षेत्रीयस्तरमा विषय शिक्षकहरूको भेला गराई विद्यालय तहको पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएका कमीकमजोरी सम्बन्धमा विषयगत सुझाव सङ्कलन गर्ने

(ख) आफ्नो क्षेत्रका जिल्ला पाठ्यक्रम समन्वय समितिहरूबाट पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी सुझाव सङ्कलन गर्ने

(ग) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी अन्य सरोकारवालाहरू-बाट सुझाव सङ्कलन गर्ने

(घ) आवश्यकतानुसार विषय शिक्षक र विषय विशेषज्ञहरूसमेतको सहयोग लिएर सङ्कलित सूचनाहरू विश्लेषण गरी समस्या समाधानका उपायहरू पहिचान गर्ने

(ङ) स्थानीय तहमा समाधान हुन नसक्ने देखिएका समस्याहरूका सम्बन्धमा सुझावसहित पाठ्यक्रम विकास केन्द्रमा लेखी पठाउने

(च) पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू समयमै विद्यालयहरूमा पुगे नपुगेको अनुगमन गर्ने

(छ) स्थानीय तहमा निर्माण गरिने स्थानीय पाठ्यक्रमका सम्भावित विषय क्षेत्रहरूको खोजी गर्ने र स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा आवश्यक समन्वय र सहयोग पुऱ्याउने

(घ) *आफ्नो क्षेत्रभित्रका विभिन्न जिल्लाबीचमा मातृभाषा तथा स्थानीय विषयको कार्यान्वयन अवस्था बारेमा अन्तरक्रिया गराउने*

(ङ) पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी अध्ययनअनुसन्धान गर्न आवश्यक भएका क्षेत्रहरूको पहिचान गर्ने र सम्बन्धित जिल्लाका जिल्ला शिक्षा योजनामा समावेश गराउने

(च) संस्थागत विद्यालयहरूमा पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको प्रयोगसम्बन्धी अनुगमन मूल्याङ्कन गर्ने

(छ) पाठ्यक्रम विकास केन्द्रको निर्देशनमा आवश्यकतानुसार अन्य कार्यहरू गर्ने

(ज) पाठ्यक्रम पाठ्यपुस्तकसम्बन्धी वषभरि भएका क्रियाकलापहरूको प्रगति प्रतिवेदन अनुसूची १ बमोजिम तयार गरी पाठ्यक्रम विकास केन्द्रमा पठाउने

(झ) निर्धारित पाठ्यक्रमअनुरूप पाठ्यसामग्री तथा मूल्याङ्कन प्रणाली प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गरी क्षेत्रीय निर्देशनालय समक्ष रायसुझाव पेस गर्ने

(ञ) आफ्नो क्षेत्रभित्रका जिल्ला पाठ्यक्रम समन्वय समितिले दिएका सुझावहरू विश्लषेषण गरी क्षेत्रीयस्तरबाटै समाधान गर्न सकिने समस्याहरू क्षेत्रीयस्तरबाटै समाधान गर्ने र त्यहाँबाट समाधान हुन नसक्ने भएमा उपयुक्त र ठोस सुझावसहित पाठ्यक्रम विकास केन्द्रमा लेखी पठाउने

(ट) पाठ्यक्रम पाठ्यपुस्तकको आवश्यक सुधारका लागि आफ्नो क्षेत्रभित्रका प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी तथा अन्य सम्बद्ध पक्षबाट प्रशनावली, पत्राचार, कार्यशाला, सूचना, अन्तर्वार्ता आदिको माध्यमले सुझाव एवम् प्रतिक्रिया सङ्कलन तथा परिमार्जन गरी विषयगतरूपमा छुट्टाछुट्टै प्रतिवेदन तयार गर्ने । उक्त प्रतिवेदनलाई सम्बन्धित विषय शिक्षक, विषय विशेषज्ञहरूका बीच छलफल गराई अन्तिम रूप दिने

(ठ) पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई सुधार गरी अद्यावधिक गर्नका लागि तयार गरिएको प्रतिवेदनलाई अनुसूची २ बमोजिम पाठ्यक्रम विकास केन्द्रमा पठाउने

(ड) जिल्ला पाठ्यक्रम समन्वय समितिबाट प्राप्त प्रतिवेदन एवम् क्षेत्रीयस्तरमा वर्षभरि सञ्चालित गतिविधि र प्राप्त सुझावसमेतका आधारमा वार्षिक प्रगति प्रतिवेदन तयार गरी पाठ्यक्रम विकास केन्द्रमा पठाउने

परिच्छेद चार
विविध

४.१ परिमार्जन र संशोधन

जिल्ला पाठ्यक्रम समन्वय समिति र क्षेत्रीय पाठ्यक्रम समितिको कार्यलाई प्रभावकारी बनाउन यो निर्देशिका पाठ्यक्रम विकास केन्द्रले परिमार्जन तथा संशोधन गर्न सक्ने छ । यस्तो संशोधन तथा परिमार्जन राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को सिफारिसमा नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुने छ ।

४.२ पदाधिकारीसम्बन्धी व्यवस्था

(क) क्षेत्रीय पाठ्यक्रम समन्वय समिति तथा जिल्ला पाठ्यक्रम समन्वय समितिका सदस्यहरूले स्वेच्छाले आफ्नो पदबाट अलग हुन चाहेमा अध्यक्षसमक्ष राजिनामा दिई सदस्यबाट अलग हुन सक्ने छन् ।

(ख) क्षेत्रीय पाठ्यक्रम समन्वय समिति तथा जिल्ला पाठ्यक्रम समन्वय समितिका कुनै सदस्यलाई मनोनीत गर्ने अधिकारीले मानासिब कारण भएमा समितिबाट हटाउन सक्ने छ ।

(ग) एक पदावधि समाप्त गरेका सदस्यहरू पुनः मनोनीत हुन सक्ने छन् ।

अनुसूची –१

वार्षिक प्रगति प्रतिवेदन

जिल्ला/क्षेत्र

१. **वर्षभरि भएका कामको सङ्क्षिप्त विवरणः**

(क)

(ख)

(ग)

(घ)

(ङ)

२. **कार्यक्रमले ओगटेका क्षेत्रहरू**

(क) पाठ्यक्रम संशोधन, सुधार आदि

(ख) वर्षभरि निर्माण भएका स्थानीय विषयका पाठ्यक्रम र स्वीकृति पाएका पाठ्यसामग्री

(ग) वर्षभरि निर्माण भएका मातृभाषाका पाठ्यक्रम र स्वीकृति पाएका पाठ्यसामग्री

३. **उपलब्धिहरू :**

४. **आइपरेका समस्याहरूः**

५. **सुझावहरूः**

अनुसूची–२

क्षेत्रीय पाठ्यक्रम समन्वय समितिबाट प्रस्तुत गरिएका सुझावहरू

विकास क्षेत्रको नाम

१. **पाठ्यक्रममा देखिएका *कमजोरीहरू*:**

विषय	पाठ्यक्रममा देखिएका *कमजोरीहरू*	सुधारका लागि सुझाव

२. **पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा देखिएका *कमजोरीहरू***

विषय :

एकाइ/पाठ	पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा देखिएका *कमजोरीहरू*	सुधारका लागि सुझाव

४. **पाठ्यक्रम तथा पाठ्यपुस्तकका सम्बन्धमा सरोकारवालाहरूले सङ्केत गरेका सुझावहरू:**

(क)

(ख)

(ग)

(घ)

(ङ)

५. **पाठ्यक्रम तथा पाठ्यपुस्तकका सम्बन्धमा गर्नुपर्ने अनुसन्धानका विषयक्षेत्र:**

(क)

(ख)

(ग)

(घ)

(ङ)

६. पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता, प्राप्ति, विवरण सम्बन्धमा देखिएका समस्याहरू र तिनको समाधानका लागि सुझाव :

समस्याहरू	समाधानका लागि सुझावहरू

७ पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास सम्बन्धमा टिप्पणी:

८. पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका सम्बन्धमा जिल्ला र क्षेत्रीय समितिलाई केन्द्रले प्रदान गर्नुपर्ने प्रविधिक सहयोग: